स्थानीय संवाद
GRASSROOTS DIALOGUE
Year 9 Issue 5 Kartik 16 - Poush 17, 2078 November - December 2021

# महगों निर्वाचनमा सुधारको बहस

नयाँ संविधान अन्तर्गत पहिलो चरणमा चुनिएर आएका स्थानिय तहले पाँच बर्षको कार्यकाल पुरा गर्दैगर्दा नेपालमा कस्तो निर्वाचन प्रणाली भन्ने वहसले फेरि एक पटक लय लिएको छ । निर्वाचनको बहसमा खासगरि संघीय र प्रदेशको उदाहरण आउने भए पनि स्थानिय तहको उत्तिकै महत्वपुर्ण छ । वठा तहमा १५, १८ लाख खर्च भएको विगतका कारण कतिपयले अब कसरि निर्वाचनमा जाने भनेर कानेखुसी गरेको सुन्न पाइन्छ ।

अहिले अपनाइएको निर्वाचन प्रणाली खासगरि अरुले भन्दा वढि मत ल्याउनेले जित्ने प्रकारको व्यवस्थाले निर्वाचनलाई असाध्यै महगों वनाएका कारण राजनीतिमा नैतिकताको कुरा गर्नेहरु क्रमश उक्त प्रकृयावाट वाहिरिन वाध्य भइरहेको परिस्थिती एकातिर छ भने "मनि, मसल र माफिया" परिचालन गर्नेहरुको वाहुल्य क्रमश वढ्दो छ । अहिलेको व्यवस्था अनुरुप करोड भन्दा कममा कुनै पनि निर्वाचनमा क्षेत्रमा प्रवेश गर्नु नै व्यर्थ भएको अवस्थाले उक्त रकम जुटाउन आँट नगर्ने जो कोहि स्थानिय स्तरमा राम्रा मानिएका नेताहरु नै पैसा खर्च गर्न सक्ने अर्को प्रत्यासि खोज्न र उसवाट केहि आर्थिक लाभ लिएर चुनावको टिकट हस्तान्तरण गर्न लाग्ने गरेको अवस्था स्थानिय स्तरमा देखिन्छ । टिकट दिने दलको नेतृत्वलाई पनि महगों चुनाव पार लगाउने मान्छे नै रुचीको सुचीमा रहने अवस्थामा अब विस्तारै राजनितीक भन्दा पनि काम पैसा कमाउने क्षेत्रमा गर्ने र पैसा अरु थप्नका लागि राजनितीलाई प्रयोग गर्नेको वाहुल्य वढेको हो । राजनिती, समाज सुधार, इमान, त्याग इत्यादिको कुरा गर्ने एकाध यस्तो निर्वाचनमा टिकेका त देखिन्छन्, तर उनीहरुले पनि पैसावालसंग एलायन्स गरेर, उनीहरुकै पैसा र वलमा जित्ने अवस्थामा आइपुगेका छन् । केहि मानिसले आफ्ना पुख्यौली सम्पति परिचालन गरेर आजसम्म जित्दै आएका देखिए पनि अब निर्वाचनमा पैसाको खेललाई कसरि रोक्ने भन्नेमा वहस नछेडे संसदको चुनाव पनि कतै शेयर बजारको जस्तो अर्थात धेरै लगानि गर्नेको धेरै भोट हुने अवस्थामा पुग्ने देखिन्छ ।

अहिले १६५ क्षेत्रमा मुख्य दलवाट टिकट पाउनु नै एक प्रकारको जित जस्तो भएको छ । उदाहरणकालागि जो कोहिले आज देशका ठुला दलले दिने टिकट हत्याउन सक्दा नै कतिपय स्थानमा जित्ने सम्भावना ५० प्रतिशत भन्दा वढि हुन्छ भने कतिपय स्थानमा ३०, ४० प्रतिशत । यसकै लागि नेतृत्व तहसम्म चुनाव अधि नै दवाब सृजनागर्ने, आफुले वाहेक अन्य व्यक्तिले रकम र अन्य आवश्यक कुराको परिचालन गर्न नसक्ने लगायतका वहानामा खेल शुरु हुन्छ । आफुले विश्वास गरेको दल कै उम्मेदवार भएर आएपश्चात धेरैले अन्यथा नसोची मत दिने हाम्रो अवस्थालाई यहाँ कतिपय अवस्थामा नेताहरुले दुरुपयोग गरि राम्रो भन्दा हाम्रोलाई स्थापित गर्ने प्रयास भएका अवस्था छन् । १६५ मध्ये कतिपय निर्वाचन क्षेत्रमा ५ देखि ४० हजार जनता समक्ष जाँदैमा चुनाव जित्ने अवस्था छ । विभिन्न नाममा त्यो सानो क्षेत्र या समुहलाई खुसी गरेर संघीय या प्रदेशको सभासद हुने व्यवस्थाले पनि कतिपय अवस्थामा एकै व्यक्ति ५, ७ पटक चुनाव जित्ने गरेको अवस्था छ । आफ्नो सानो एरियामा विभिन्न कारणले पपुलर भए पनि राष्टिय तथा प्रादेशिक सवालमा "गुड फर नथिङ्ग" वालाहरु बारम्बार संसदमा देखिनु अर्को समस्या हो ।

प्रश्न उठ्छ, के निर्वाचनमा पैसाको प्रभाव कम गर्न सकिन्छ त? उत्तर पनि सामान्य छ, सकिन्छ । अहिलेको व्यवस्थामा सामान्य परिवर्तन गर्ने आँट गरेमा मात्र पनि यो सम्भव छ । फिनल्याण्ड, इजरायल, न्युजील्याण्ड जस्ता धेरै देशले समय समयमा लोकतन्त्र भित्रको निर्वाचन प्रणालीमा हेरफेर गरेर त्यहाँका जनतामा जाग्न लागेको व्यवस्था प्रतिको नैराश्यताको संम्बोधनको सफल प्रयास पनि गरेका छन् । प्रथमत निर्वाचन क्षेत्रलाई अलिक ठुलो वनाउने र त्यहाँवाट कम्तिमा ५ जना निर्वाचित हुने व्यवस्थागर्ने । सानो राजनीतिक संरचना आफैमा लोकतन्त्रलाई प्रत्यक्ष तर्फ लैजाने राम्रो मापदण्ड हो । तर यो व्यवस्था जनताको दैनिक र विकासे समस्या सल्टाउन गठित

**फनल्याण्डमा झै राजनीतिक दलले हरेक निर्वाचन क्षेत्रमा निर्वाचित हुने भन्दा बढी संख्यामा उम्मेदवार बनाउन सक्ने र ति उम्मेदवार मध्ये अन्तिम चरणमा निर्वाचित हुन चिठ्ठा प्रणालीमा सहभागि गराउने व्यवस्था पनि एउटा अर्को विकल्प हुन सक्छ । किनभने चिठ्ठा हाम्रो निर्वाचन प्रणालीमा प्रयोग बारम्बार भइआएको व्यवस्था हो । दुई उममेदवारले वरावर मत ल्याएमा उनीहरुका विचमा यो विधी प्रयोग भइ आइरहेकोमा अव निर्वाचन क्षेत्रमार्फत चुनिने दलका प्रत्यासिका सन्दर्भमा यो लागु गर्न असम्भव र अनौठो होइन ।**

स्थानिय सरकारका सन्दर्भमा लागु गर्न आवश्यक देखिन्छ । राष्टिय र प्रदेशका लागि चुनिनेहरु देशले लिने नीति तथा कार्यक्रममा अलिक बढी सहभागि हुनपर्ने हुदाँ ठुलो निर्वाचन क्षेत्रवाट आउँदा खासै अप्ठयारो हुन्न । यो व्यवस्था पहिलो हुनेले जित्ने प्रकारको र समानुपातिक दुवैमा लागु गर्न सकिन्छ । पहिलो हुनेले जित्ने प्रकारको अभ्यास नेपालले राष्टिय पञ्चायतका सदस्यको निर्वाचनमा गरेको जस्तै हो । फरक यति हो कि ५ जनाको निर्वाचन क्षेत्र बनाउदाँ कतिपय अवस्थामा त्यस वेलाको जिल्ला भन्दा पनि ठुला निर्वाचन क्षेत्र वनाउन पर्ने हुन्छ । समानुपातिकका सन्दर्भमा फिनल्याण्डमा अभ्यासमा ल्याइएको प्रणाली रिफरेन्समा लिन सकिन्छ, जहाँ एल्याण्ड आइल्याण्ड वाहेक अरु १२ निर्वाचन जिल्लावाट कम्तिमा ७ र वढिमा ३५ सदस्य निर्वाचन गर्ने गरि त्यहाँको २०० सदस्यिय संसदको गठन हुन्छ । सबभन्दा कम अर्थात ७ सदस्य निर्वाचन गर्ने निर्वाचन जिल्ला लापल्याण्ड हो भने राजधानि शहर हेलसिन्किले २२ अनि त्यसको वरिपरिको भुभाग उसिमाले ३५ सदस्य निर्वाचीत गरेर त्यहाँको संसद अर्थात इदुस्कुन्तामा पठाउने गरेको छ । त्यहाँको अर्को विशेषता भनेको ति निर्वाचन क्षेत्रमा राजनीतिक दलले पाएको मतका आधारमा सिट वितरण गरिने तर दलका तर्फवाट उक्त सिटमा पर्न पनि त्यस क्षेत्रका जनताले उक्त व्यक्तिलाई दिने मतलाई आधार मान्ने व्यवस्था छ । एक निर्वाचन जिल्लाकालागि कम्तिमा १४ र वढिमा त्यस जिल्लाले निर्वाचित गर्ने संख्यामा उम्मेदवार हरेक दलले मनोनयन गर्ने र ति मनोनितहरुले जनताबाट पाएको मतलाई पनि आधार बनाएर निर्वाचित घोषणा गर्ने गरिन्छ । मतलब हेर्दा दलीय आधारको समानुपातिक देखिए पनि समानुपातिकमा विजयी घोषित हुनकालागि दलले सिफारिस गरेर मात्र नहुने, सिफारिसमा परेका मध्ये जनमतमा को अगाडि छ भन्ने आधारले महत्व पाउने देखिन्छ । दलको तर्फवाट कम्तिमा १४ जनामा पर्नकालागि पनि उक्त निर्वाचन जील्लाका मतदातामध्ये १०० जनाले समर्थन गरेको हुनपर्ने अर्को पुर्वशर्त त्यहाँ छ । सारमा भन्दा समानुपातिकका नाममा हामिले अभ्यास गरेजस्तो दलको लिष्टमा परेकै आधारमा उक्त दलले निर्णय गरेर साँसद वनाउने होइन, समावेसी सिटमा पर्न पनि आफु आफ्ना मतदाता सामु कति पपुलर छु भनेर जनसमक्ष गएका हरुमध्येवाटै आउन पर्ने वाध्यता छ । यसले नेपालमा समानुपातिकका नाममा सालासाली र आफन्तमा सिमीत भए भन्ने  प्रकारको कमेन्टलाई हल गर्न मद्दत गर्ने देखिन्छ ।

विगतमा आफैले अपनाएको र अन्यत्र पनि अभ्यास भइसकेको मोडलवाट सिकेर हामीले अर्को नयाँ प्रणालीको विकास गर्न पनि सकिन्छ । अहिले प्रत्यक्ष भनिएकै प्रकारको व्यवस्थाकालागि एउटै निर्वाचन क्षेत्रवाट कम्तिमा ४, ५ जना देखि वढिमा १० जना सदस्य निर्वाचित गर्ने निर्वाचन क्षेत्र वनाउने र यसो गर्दा त्यस क्षेत्रमा वहिष्करणमा परेका महिला, र अन्य अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गर्न त्यस निर्वाचन जील्लामा विधमान जनसंख्याका आधारमा त्यहि निर्वाचन क्षेत्रमा कोटा निर्धारण हुने व्यवस्था एउटा विकल्प हो । यसो गर्दा अहिले एक, दुई, तिन, या चारवटा निर्वाचन क्षेत्र भएका जील्लाहरुलाई निर्वाचनको प्रयोजनकालागि गाभ्न र ५ या त्यसभन्दा वढि निर्वाचन भएकाका हकमा सोहि जील्ला कायम गरि वहिष्करणमा परेका महिला, र अन्य अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गर्ने विधीमा वहष गरेर जान सकिन्छ ।

अर्को यदि पहिलो हुने ले जित्ने प्रकारको निर्वाचन प्रणाली नै निरन्तर गर्ने हो भने यसमा पनि विकल्प दिन सकिन्छ । आफैमा धेरै नै कमजोरी रहेको यस निर्वाचन प्रणालीलाई प्रत्यक्ष का नाममा अपनत्व लिइएको अवस्था एकातिर छ भने अर्कोतिर यसका नाममा देखिने पैसाको खेल र पहुँचले वास्तवै लोकतन्त्रको खिल्ली उडाएको अवस्था छ । माथि भनिए भै यस व्यवस्था अन्तर्गत अहिले त व्यक्तिले मुख्य दलको टिकट पाउनु नै एक प्रकारको जीतको अवस्था भएका कारण टिकट लिन र तत्पश्चात जे गरेर पनि जित्न खोज्नेहरुको वोलवाला पाइन्छ । टिकट लिन पैसा खर्च गर्नाको आकर्षण यहि जित्ने सम्भावना धेरै भएका कारण हो । उम्मेदवारि पाउनु नै एक हदमा जित्नु सरह हुने यस अवस्थालाई अलिक कम सम्भावना वनाइदिएमा नै यसरी निर्वाचनका नाममा र क्रममा पैसा वगाउनेहरु विस्तारै हच्कने अवस्था आउँछ । फिनल्याण्डमा भै राजनीतिक दलले हरेक निर्वाचन क्षेत्रमा निर्वाचित हुने भन्दा बढी संख्यामा उम्मेदवार बनाउन सक्ने र ति उम्मेदवार मध्ये अन्तिम चरणमा निर्वाचित हुन चिठ्ठा प्रणालीमा सहभागि गराउने व्यवस्था पनि एउटा अर्को विकल्प हुन सक्छ । किनभने चिठ्ठा हाम्रो निर्वाचन प्रणालीमा प्रयोग बारम्बार भइआएको व्यवस्था हो । दुई उममेदवारले वरावर मत ल्याएमा उनीहरुका विचमा यो विधी प्रयोग भइ आइरहेकोमा अव निर्वाचन क्षेत्रमार्फत चुनिने दलका प्रत्यासिका सन्दर्भमा यो लागु गर्न असम्भव र अनौठो होइन । उदाहरणकालागि काठमाण्डौं जील्लाको एक नम्बर क्षेत्रवाट एक जना चुनिनेमा हरेक दलले ३ जनाको नाम पठाउने र जुन दलले धेरै मत ल्यायो उक्त दलका तिन जनामा चिठ्ठा प्रणाली मार्फत एक जनालाई निर्वाचीत घोषणा गर्ने । यसो गर्दा दलको टिकट पाउदैमा जित्ने संभ्भावनाको प्रतिशत कम हुने र अहिले भै पैसाको खेलमा लाग्ने उत्साह उम्मेदवारमा कम हुन सक्छ । सारमा भन्नुपर्दा लोकतन्त्र एक जिवन्त व्यवस्था हो । लोकतन्त्रको मेरुदण्ड मानिएको निर्वाचन प्रणालीलाई बेलाबेलामा देश र जनता अनुकुल नवनाएमा लोकतन्त्र प्रति नै जन वितृष्णा वढेर जान्छ ।

नेपालमा एकातिर समानुपातीक प्रणालीलाई जनताले स्विकार्न नसक्ने गरि बदनाम गराइएको छ भने अर्कोतिर पहिलो हुनेले जित्नेलाई प्रत्यक्ष भन्दै निर्वाचन त यसरी मात्र हुने हो भन्ने तरिकाले प्रस्तुत गरिएको छ । तर यसै निर्वाचन प्रणाली मै सवभन्दा वढि पैसाको चलखेल हुने, लामो समय सानो क्षेत्रलाई कन्फिडेन्समा लिएर एक व्यक्ति या परिवारका सदस्यको प्रतिनिधी भइरहने जस्ता विकृति त्यही प्रणालीमा देखिन्छन् । जसका कारण नयाँ नेतृत्व नजन्मने, राजनीतिमा नयाँ मान्छेको आकर्षण नरहने र त्यसको समग्र असर व्यवस्था प्रतिको नैराश्यतामा परिणत हुने पाइन्छ । यसलाई चिर्न र लोकतन्त्रलाई साच्चीकै जिवन्तता दिन यस प्रकारका वहस छलफल गर्दै प्रणालीमा देश, काल र परिस्थिती अनुकुल फेरबदल गर्न यहाँका दल र सरकार सधै अग्रसर हुन आवश्यक देखिन्छ ।

Advisors : Prof Lok Raj Baral, Vijay Pratap, Uddhab Pyakurel
Editors : Prof. Deo Kumari Gurung, Ram Saran Sapkota
Design & Layout : Samaj Bigyan Adhyan tatha Paramarsha Kendra Pvt. Ltd., KTM
For subscription, comments and suggestions
sadednepal@gmail.com
Supported By
SIEMENPUU